**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम स्वत: प्रकाशन गरिएको विवरण**

**डिभिजन वन कार्यालय, रौतहट**

आ.व.२०७८/०७९

**त्रैमासिक प्रगति विवरण (२०७८ श्रावण १ देखी २०७८असोज मसान्तसम्म)**

मिति :- २०७८/०७/०३

## १. जिल्लाको समान्य परिचय

### १.१ समान्य परिचय:

नेपालको ७ वटा प्रदेश मध्ये प्रदेश नं. २ को ८ जिल्ला मध्ये रौतहट पनि एक हो । यो जिल्लाको सिमाना पुर्वमा बागमती नदी ( सर्लाही जिल्ला), पश्चिममा धनसर र बकैया खोला (बारा जिल्ला), उत्तरमा चुरे पहाडको पानी ढलो (मकवानपुर जिल्ला) र दक्षिणमा नेपाल भारतको अन्तर्राष्ट्रिय सिमाना (भारतको विहार राज्य) रहेको छ । रौतहट जिल्ला ८५°१४'देखि ८५°३०'पूर्वी देशान्तर तथा २६°४४'देखि २७°१४'उत्तरी अक्षांसमा फैलिएको पाइन्छ । यस जिल्लाको कूल क्षेत्रफल १,१२,६०० हेक्टर रहेको छ, जसमध्ये २९,४०० हेक्टर वा २६.११% भू-भाग वन क्षेत्रले ढाकेको पाइन्छ। जिल्लालाई पूर्वमा वागमती नदी, पश्चिममा वारा जिल्लाको सिमाना हुदै धनसर खोला, उत्तरमा मकवानपुर जिल्लाको सिमानामा पर्ने चुरे पहाडको दक्षिणी मोहडाको पानीढलो र दक्षिणतर्फ नेपाल भारत अन्तराष्ट्रिय सिमानाले छुट्टाएको पाइन्छ (उचाई (Altitude)समुन्द्री सतहबाट १५० मिटर देखि २५० मिटर सम्मको भु भाग तराई तथा भावर क्षेत्रमा फैलिएको छ, तर चुरे पहाडको भु भाग ८७२ मिटर सम्मको उचाईमा फैलिएको छ ।

डिभिजन वन कार्यालय रौतहटको पछिल्लो तथ्यांक अनुसार जिल्लाको कुल क्षेत्रफल १,१२,६०० हेक्टर मध्ये वनको क्षेत्रफल २९,४०० हेक्टर रहेको छ । साथै यस जिल्लामा १,०६,६५२ घरधुरीका ६,८६,७२२ मानिसहरु बस्छन् र औषत परिवार संख्या ६.४४ रहेको छ (जि.व.का. रौतहट, २०७७/०७८ का तथ्याङ्क अनुसार जिल्लाको कुल वनक्षेत्रको हस्तान्तरित सामुदायिक वन क्षेत्र ७५६५.५४ हे. (४३ वटा समूह), साझेदारी वन क्षेत्र ११,९२७.९७ हेक्टर (३ वटा) र धार्मिक वन २६.३९ हे. (३ वटा) रहेका छन् । साथै यस जिल्लाको १०५२.९२ हेक्टर वनक्षेत्र धनसर ब्लक फरेष्टको रुपमा रहेको छ ।

### १.२ जनसंख्या, लिंग र जातजाती:

वि.सं. २०६८ को राष्ट्रिय जनगणना अनुसार रौतहट जिल्लाको कुल जनसंख्या ६,८७,७२२ रहेको छ । जसले राष्ट्रिय जनसंख्याको २.३५ % भाग ओगटेको छ । यस मध्ये ५१.१२ % महिला र ४८.८८ % पुरुष रहेका छन् । जिल्लाका कूल १,०६,६८८ घरधुरी मध्ये ५,६३९ घरधुरीले मात्र शहरी जनसंख्याको प्रतिनिधित्व गरेको पाइन्छ । बाकी जनसंख्या ग्रामिण क्षेत्रमा बसोबास गरिरहेका छन् । यस जिल्लामा प्रतिघरधुरी ६.४४ परिवार सदस्य संख्या रहेको पाइन्छ जुन नेपालको सवैभन्दा बढी परिवार सदस्य संख्या हो । यस जिल्लाको जनघनत्व ६१० प्रति वर्गकिलोमिटर रहेको छ । यहांकोकुल जनसंख्याको ७९.४७ % हिन्दु धर्मावलम्बीहरु रहेका छन् भने इस्लाम , बौद्ध र अन्य क्रमश: १९.०६%, १.४३% र ०.०४% रहेको पाइन्छ । यहांको उत्तरी भेगमा पहाडबाट आएका मानिसहरुको बसोबास रहेको पाइन्छ । यस जिल्लामा ६९.६% मानिसहरु भोजपुरी बोल्ने गर्दछन भने ८.०३% थारु भाषा बोल्नेहरु पनि रहेका छन्।

### १.३ जलवायु:

हावापानीको दृष्टिकोणले उष्ण समशितोष्ण रहको यस जिल्लामा गर्मीमा धेरै गर्मी हुने गर्दछ र तापक्रम क्रमश ४० डिग्री से.ग्रे सम्म पुग्छ । गौर सदरमुकाममा रेकर्ड गरिएको अनुसार र ग्रिष्ममा अधिकतम

सहायक वन अधिकृत (आठौं)

२०७८/७/३

उपेन्द्र प्रसाद यादव
डिभिजनल वन अधिकृत

तापक्रम क्रमश १९.६ डिग्री से.ग्रे. र ३१.५ डिग्री से.ग्रे. रहेको छ । यस जिल्ला नजिकै रहेको सिमरा विमान स्थलको जलवायु नाप्ने यन्त्र अनुसार वर्षाको मौसममा ८० % वर्षा हुने गरेको र वर्षा भरिमा २९६८ मि.मी. वर्षा हुने गर्छ ।

## १.४ राजनैतिक तथा प्रशासनिक विभाजन:

यस जिल्लालाई ४ संसदीय निर्वाचन क्षेत्र, ८ प्रादेशिक निर्वाचन क्षेत्र, १६ नगरपालिका र २ वटा गाउ पालिकाहरुमा गरि जम्मा १८ स्थानिय तहमा विभाजन गरिएको छ ।

## १.५ प्रमुख नदी र खोलाहरु :

यस जिल्लाको प्रमुख नदीहरुमा बागमती, बकैया, धनसर, लमहा (झाँक्रा), चाँदी, पौराइ, अरुवा, हर्दिया हुन् । यी नदीहरु उत्तरबाट दक्षिण तर्फ बगेको छ । वन क्षेत्र भएर बग्ने यी खोलाहरुबाट वर्षेनी लगभग १५ देखि २० लाख घन फिट ढुंगा, बालुवा, ग्रेभल गिट्टी संकलन हुने गर्छ ।

## १.६ भु-उपयोग स्थिति:

यस जिल्लाको कुल क्षेत्रफल मध्ये सबैभन्दा बढी कृषि भुमि (५८.३५%) र त्यसपछि वन क्षेत्र (२६.११%) रहको छ र बांकी भागमा घाँसे मैदान, नदी वस्ती, ऐलानी पर्ती र अन्य जग्गा रहको छ । जसको विवरण तालिका नं. १ अनुसार रहेका छन् :

**तालिका नं.१: भु-उपयोगको विवरण**

| क्र.सं. | विवरण | क्षेत्रफल (हेक्टर) | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | वनले ढाकेको क्षेत्र | २९,४००.०० | २६.११ | |
| २ | घाँसे मैदान | १,००१.०० | ०.८९ | |
| ३ | कृषि भूमि | ६५,६९९.०० | ५८.३५ | |
| ४ | ऐलानी पर्ती जग्गा | २,१०९.०० | १.८७ | |
| ५ | नदी खोला बगर क्षेत्र | २,००८.०० | १.७८ | |
| ६ | बस्ती (बसोबास क्षेत्र) | ८,१०१.०० | ७.२० | |
| ७ | अन्य | ४,२८२.०० | ३.८० | |
| जम्मा | | १,१२,६००.०० | १०० | |

## १.७ वनको क्षेत्रफल र किसिम:

तराईको समथल भु-भाग देखि चुरे पहाड सम्मको भौगोलिक विविधता भएको कारण यहां पाईने वनको किसिम र प्रजातीमा पनि विविधता पाईन्छ । यस जिल्लाको कुल भुभाग मध्ये चुरे (डांडा) क्षेत्रमा ८,४२६ हेक्टर (७.५ प्रतिशत) र तराई (समथर) क्षेत्रमा १,०४,१७४ हेक्टर (९२.५ प्रतिशत) क्षेत्र रहेको छ । हावापानी र प्रजातीको आधारमा यस जिल्लाको वनलाई निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ ।

**तालिका नं. २: वनको किसिम**

| सि. न. | वनको किसिम | जम्मा वन क्षेत्र | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | साल (Sal) | ४,८८६.५० | १६.६२ | |
| २. | साल तराई हार्डउड (STH) | ५,४०८.१० | १८.३९ | |
| ३. | तराई हार्डउड (TH) | ८,३७९.५० | २८.५० | |

सहायक वन अधिकृत (आठौं)

अमरदेव प्रसाद यादव
... जिल्ला वन अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ४. | सिसौ खयर (SK) | ७,६१.६० | २.५९ | |
| ५. | खयर सिसौ (KS) | ८५.८० | ०.२९ | |
| ६. | खुल्ला क्षेत्र | १७७.४० | ०.६० | |
| ७. | नदी किनार | १,२८०.३० | ४.३२ | |
| ८. | अन्य | ८,४२०.८० | २८.५७ | |
| ९. | जम्मा | २९,४००.०० | १०० | |

### १.८ वन्यजन्तुको स्थिति:

रौतहट जिल्लाको पश्चिमतर्फको वनक्षेत्र बारा जिल्लाको वनक्षेत्र संग जोडिएकोले पर्सा राष्ट्रिय निकुञ्ज बाट समेत यस जिल्लामा वन्यजन्तुहरु विचरण गर्ने गर्दछन् । विशेष गरी यस भेगको जंगलमा पर्सा वन्यजन्तु आरक्षका हात्तीले समय समयमा दुःख दिने गरेको छ । यो क्षेत्रमा जरायो, बदेल, बाँदर र मृगको संख्या बढी भएको हुंदा राणाकालीन समयमा शिकारको लागि प्रसिद्ध क्षेत्र थियो । तर कालान्तरमा वनको विनास, अतिक्रमण र काठ दाउराको निकासीले जनावरहरुको संख्यामा कमी आएको छ । हाल वन गस्ती कडा पारिएकोले गर्दा लुकी छुपी हुने शिकार समेत नियन्त्रण हुन गई बदेल, हरिणको संख्या पहिले भन्दा बढेको महशुस जंगलको निरिक्षण एवं दुर गस्तीको बेलामा देखिने संख्याले पुष्टि गर्दछ । यस क्षेत्रको जंगल र बासस्थानको स्वरुप हेर्दा चित्तल, हरिण, बंदेल, चितुवा, बाघ, जरायो जस्ता वन्यजन्तुको विचरण हुने देखिन्छ । हाल पर्सा राष्ट्रिय निकुञ्ज बारा जिल्लाको बकैया नदिसम्म विस्तार भएकोले त्यस क्षेत्र हुँदै दुर्लभ एकसिङ्गो गैंडाको पनि आवतजावत यस रौतहट जिल्लाको वनक्षेत्रमा बढिरहेको देखिन्छ ।

### १.९ वनमा आधारित उद्योगहरु:

यस कार्यालयको रेकर्ड अनुसार रौतहटमा १०१ वटा काठ चिरान मिल, ७४ वटा फर्निचर उद्योग, १६० वटा इटाभट्टा, ६ वटा भेनियर उद्योग तथा एउटा चिनी मिल संचालनमा छन् । ती उद्योगहरु जिल्ला वन कार्यालयले लिलाम गरेको काठ (प्राकृतिक वन) बाट मात्र करिब १४% आपुर्ति गर्छन् र बाँकी काठ दाउरा निजी जग्गामा रोपिएका सिसौ, आँप र अन्य जातका रुखहरुबाट आपुर्ति गर्दै आएका छन् । निजी आवादीका रुखहरुबाट तथा जिल्ला वन कार्यालयबाट समेत गरि खपत गरिएका काठ दाउराको आँकडा विश्लेषण गर्दा यस क्षेत्रमा पर्ने उक्त उद्योगहरु ५०% क्षमतामा चलिरहेको पाइन्छ (जिल्ला वन कार्यालय रौतहट,२०६०) । Operational Forest Management Plan (OFMP) अनुसार Skarner, 1995ले गरेको अध्ययन बमोजिम सरदर Band र Trauliभएको एउटा स.मिललाई वार्षिक ४००० घ.मि. काठ चाहिन्छ । यसैगरी एउटा भेनियर उद्योगलाई ५०० घ.मि., फर्निचर उद्योगलाई १०० घ.मि. र चिनी मिललाई २००० घ.मि. दाउरा चाहिन्छ ।

यसरी हेर्दा रौतहट जिल्लामा चालु रहेका वन पैदावार प्रयोग गर्ने उद्योगलाई ४,१६,४०० घ.मि. काठ र दाउरा पुरा क्षमतामा चलाउन वार्षिक रुपमा आवश्यक पर्दछ । जसमा काठ ४,१४,४०० घ.मि. र दाउरा २,००० घ.मि. आवश्यकता पर्दछ । यो माग पुरा गर्न प्राकृतिक वनबाट मात्र सम्भव नभएकोले यसको लागि निजी वन तथा सार्वजनिक जग्गामा वृक्षारोपण बढाउने रणनीति जिल्ला वन कार्यालयले अंगिकार गरेको छ ।

### १.१० वन व्यवस्थापन र स्वामित्वको आधारमा वनको वर्गीकरण:

यस जिल्लामा रहेको राष्टिय वन क्षेत्रको व्यवस्थापन तपसिलमा उल्लेखित Model बाट व्यवस्थापन भैरहेको छन् ।

सहायक वन अधिकृत (आठौं)

२०६८/६/१२
अमरदेव प्रसाद यादव
प्र.डिभिजनल वन अधिकृत

तलिका नं. ३ राष्ट्रिय वन व्यवस्थापनको तरिका

| क्र.सं. | वन व्यवस्थापनको तरिका | परिमाण | क्षेत्रफल (हे.) | कैफियत |
|---|---|---|---|---|
| १. | सरकारद्वारा व्यवस्थित वन | - | ९३६९.०० | |
| २. | साझेदारी वन | ३ | ११९०८.८० | |
| ३. | ब्लक फरेष्ट व्यवस्थापन | १ | १०५०.०० | |
| ४. | सामुदायिक वन | ४३ | ७०४५.८१ | |
| ५. | धर्मिक वन | ३ | २६.३९ | |
| | जम्मा | | २९४०० | |

## २. डिभिजन वन कार्यालय रौतहटको समान्य परिचय

### २.१ डिभिजन वन कार्यालयको मूल उद्देश्य

वन सम्पदाको वैज्ञानिक व्यवस्थापन, वन क्षेत्रको रेखाङ्कन, नियन्त्रण र संरक्षण गर्दै वातावरणीय सन्तुलनलाई समेत कायम राख्दै वन सम्पदाको उचित प्रयोग गरी वन श्रोतलाई पुन सिर्जना हुन दिने प्रक्रिया अपनाउने तथा वैज्ञानिक तथा आर्थिक दृष्टिकोणले बढी महत्वपूर्ण हुने वन्यजन्तु र वनस्पतिको लेखाजोखा गरी दिगो व्यवस्थापन गर्ने र जन साधारणलाई आवश्यक पर्ने काठ, दाउरा, डालेघास, जडिबुटी तथा अन्य वन पैदावारको न्यायोचित रुपमा वितरण गर्ने व्यवस्था मिलाउने ।

### २.२ उद्देश्यहरु

- वन विकास सम्बन्धी योजना तथा कार्यक्रमको कार्यान्वयन र समन्वय गर्ने ।
- वन व्यवस्थापन वृक्षरोपण तथा प्राकृतिक सन्तुलन सम्बन्धी जानकारी सर्वसाधारणलाई उपलब्ध गराई वन व्यवस्थापन कार्यमा जन सहभागिता परिचालन गर्ने ।
- वैज्ञानिक वन व्यवस्थापनको लागि कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयन गर्ने ।

### २.३ प्रमुख कार्यहरु

- सर्वसाधारण जनतालाई दैनिक रुपमा आवश्यक पर्ने वन पैदावारहरु जस्तै: घाँसपात, काठ र दाउराको सतत् उत्पादन गरी आपुर्ति गर्ने ।
- राष्ट्रिय वन व्यवस्थापनको अतिरिक्त निजी वन व्यवस्थापन तथा सामुदायिक वन उपभोक्ताहरुलाई अभिप्रेरित गरी वन सम्पदाको व्यवस्थापन र वन पैदावारको बिक्री वितरण गर्ने ।
- आर्थिक विकास र पारिस्थितिक सन्तुलनमा भू-संरक्षण र जलाधार व्यवस्थापनबाट प्रभावकारी टेवा पुऱ्याउने ।
- महत्वपूर्ण पारिस्थितिकीय प्रणाली र जैविक विविधताको संरक्षण र सम्वर्द्धन गर्ने ।
- मुख्य वन पैदावारको अतिरिक्त जडिबुटी तथा सुगन्धित वनस्पति र अन्य गैहकाष्ठ वन पैदावारहरुको सतत् उत्पादन गरी रोजगारीमा वृद्धि गर्ने एवं बिक्री गरी राष्ट्रिय आयमा वृद्धि गर्ने ।

सहायक वन अधिकृत (आठौं)

२०६८/६/२
अमरदेव प्रसाद यादव
डि.डिभिजनल वन अधिकृत

## २.४ जिल्ला वन कार्यालयबाट उपलब्ध सेवाहरु र प्राप्त गर्ने प्रक्रिया

तालिका नं. ४ : डि.व.का. रौतहटबाट उपलब्ध हुने सेवाहरु

| सि.नं. | प्रदान गर्ने सेवाहरु | चाहिने आवश्यक कागजातहरु | लाग्ने राजस्व | लाग्ने समय | सम्पर्क गर्ने | | उजुरी गर्ने स्थान | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | शाखा | कोठा नं. | पद | कोठा नं. |
| १ | बिरुवा वितरण | आफ्नो निजी जग्गामा वृक्षारोपणको लागी बिरुवा आवश्यक भएमा जग्गा धनीको प्रमाणपुर्जाको फोटोकापी, नागरिकताको फोटोकपी संलग्न रु. १०।- को टिकट सहितको निवेदन । | दररेट तोकिएको बाहेक निःशुल्क | प्रत्येक वर्ष आषाढ महिनामा निवेदन प्राप्त भएको ३ दिन भित्र । | योजना तथा विकास शाखा | ३ | डिभिजनल वन अधिकृत | १ |
| २ | निजी वन दर्ता | वृक्षारोपण गरिएको जग्गा लालपुर्जा, ब्लु प्रिन्ट नक्सा तिरो तिरेको रसिद, नागरिकताकोफोटोकापी, गा.वि.स. /न.पा. को सिफारिस र रु. १०।- को टिकट सहितको निवेदन । | निः शुल्क | रितपुर्वक निवेदन प्राप्त भएको १५दिन भित्र । | योजना तथा विकास शाखा | ३ | डिभिजनल वन अधिकृत | १ |
| ३ | सामुदायिक वन उपभोक्ता समूह दर्ता | वनक्षेत्र नजिकको उपभोक्ताहरुले सा.व.उ. समूह गठन गरी विधान सहितको निवेदन पेश गर्ने । | निः शुल्क | १ महिना भित्र । | योजना तथा विकास शाखा | ३ | डिभिजनल वन अधिकृत | १ |
| ४ | सामुदायिक वन हस्तान्तरण | गठित समूहले कार्ययोजना सहितको निवेदन पेश गर्ने । | " | " | " | | डिभिजनल वन अधिकृत | |
| ५ | सामुदायिक वनबाट काठ/दाउरा बिक्री वितरण | सामुदायिक वनबाट उत्पादित काठ/दाउरा समूह भित्र निवेदन दिई वन ऐन अनुसार तथा कार्ययोजना, विधान अनुसार उपलब्ध हुने छ । | विधान कार्ययोजना अनुसार दररेटको रकम लाग्ने | समुह भित्र पेश भएपछि तुरुन्त । | योजना तथा विकास शाखा | ३ | डिभिजनल वन अधिकृत | १ |
| ६ | साझेदारी वन व्यवस्थापन | ड्राफट कार्ययोजना सहितको निर्णय । | निः शुल्क | वन विभागबाट कार्ययोजना स्वीकृत भएपछि | योजना तथा विकास शाखा | ३ | डिभिजनल वन अधिकृत | १ |

सहायक वन अधिकृत (आठौं)

अमरदेव प्रसाद यादव
डिभिजनल वन अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | साझेदारी वनबाट काठ/दाउरा बिक्री वितरण | साझेदारीबाट उत्पादित काठ/दाउरा उक्त साझेदारी भित्रका उपभोक्ताले गा.वि.स./न.पा. को सिफारिस, लालपुर्जा, नागरिकताको फोटोकापी सहितको रु. १०।- को टिकट सहितको निवेदन । | DFSCC ले तोकेको दररेट अनुसार । | निवेदन प्राप्त भएपछि साझेदारी वनबाट तुरुन्त उपलब्ध । | योजना तथा विकास शाखा | ३ | डिभिजनल वन अधिकृत | १ |
| ८ | उत्पादन काठ/दाउराको लिलाम तथा छोडपुर्जी । | नियमानुसार टेण्डर स्वीकृत भए पश्चात तोकिएको म्याद भित्र राजस्व, संकलन खर्च र मु.अ.कर दाखिला भए पश्चात छोडपुर्जी माग गरेमा । | सकार रकम, संकलन खर्च, मु.अ. कर बुझाउनु पर्ने रकम दाखिला गर्नु पर्ने । | बिमाको कार्य सम्पन्न भएपछि ७ दिन भित्र । | प्रशासन | ५ | डिभिजनल वन अधिकृत | १ |
| ९ | जिल्ला वन पैदावार आपूर्ति समितिबाट काठ/दाउरा बिक्री वितरण | जिल्ला भित्रका सर्व साधारण जनताको लागी काठको आवश्यक भएमा जग्गा धनीको प्रमाण पुर्जाको फोटोकापी , तिरो तिरेको रसिद, गा.वि.स./न.पा. को सिफारिस र नागरिकताको फोटोकापी रु. १०।- को टिकट सहितको निवेदन । | आपूर्ति समितिको निर्धारित दररेट अनुसार । | प्राथमिकताको क्रममा काठ मौज्दात रहेमा ७ दिन भित्र । | जिल्ला वन पैदावार आपूर्ति समिति रौतहट । | ५ | डिभिजनल वन अधिकृत | १ |
| १० | उद्योग दर्ताको लागी दुरी प्रमाणित । | घरेलु तथा साना उद्योग कार्यालयको पत्र, नक्सा, जग्गा धनी लालपुर्जा, नागरिकताको फोटोकापी पेश गर्नु पर्ने । | नि: शुल्क | १५ दिन भित्र । | प्रशासन | ५ | डिभिजनल वन अधिकृत | १ |
| ११ | जडिबुटी संकलन तथा निकासी । | उद्योग दर्ता सहित निवेदन पेश भएमा । | वन ऐन अनुसार । | तोकिएको म्याद । | प्रशासन | ५ | डिभिजनल वन अधिकृत | १ |
| १२ | नम्बरी आवादीको काठ/दाउरा स्थानान्तरण ईजाजत | जग्गा धनीको प्रमाण पुर्जा, तिरो तिरेको रसिद, ब्लु प्रिन्ट नक्सा, नागरिकताको फोटोकापी, गा.वि.स./न.पा. को सिफारिश सहितको निवेदनमा रु. १०।- को टिकट सहितको निवेदन । | उत्पादित काठको राजस्व मूल्यको १३ प्रतिशत मु.अ.कर लाग्ने । | १५ दिन भित्र | प्रशासन | ५ | डिभिजनल वन अधिकृत | १ |

*नोट : सुचित गर्न कानुन बमोजिमको सुचना अधिकारीको व्यवस्था गरिएको छ । यस कार्यालयबाट प्रदान गरिने कुनैपनि सेवाहरु तथा काम सम्वन्धि थप जानकारी आवश्यक भएमा यस कार्यालय तथा अन्तर्गतका ८ वटै सब-डिभिजन वन कार्यालयहरुमा समेत सम्पर्क राख्न सकिने व्यहोरा अनुरोध गरिन्छ ।*

सहायक वन अधिकृत (आठौं)

अमरदेव प्रसाद यादव
डि.डिभिजनल वन अधिकृत

## २.५ सेवा प्रदान गर्ने इलाका वन कार्यालय र यसका कार्यक्षेत्र

बनक्षेत्रको उचित व्यवस्थापन गरी यस क्षेत्रबाट जन समुदायलाई प्रदान गरिने सेवा तथा सुविधाहरुलाई प्रभावकारी रुपमा प्रवाहित गर्न रौतहट जिल्लामा डिभिजन वन कार्यालयले सेवाग्राही जनतालाई सेवा प्रदान गर्दै आएको छ । हाल यस कार्यालय ८ वटासब- डिभिजन वन कार्यालयहरु रहेका छन् । यस कार्यालयको सांगठनिक ढांचा तथा सेवा प्रदायक इंलाका वन कार्यालयहरुको सेवा प्रवाहको विस्तारित कार्यक्षेत्र निम्न बमोजिम छ :

**तालिका नं. ५ : रौतहट जिल्ला अर्न्तगत सेवा प्रदान गर्ने सब-डिभिजन वन कार्यालय र यसको कार्यक्षेत्रको विवरण**

| सि.नं | साविकका ईलाका वन कार्यालय | हाल कायम भएको सब डिभिजन वन कार्यालय | चारकिल्ला | स्थानिय तहको नाम | सब डिभिजन रहने मुकाम | पोष्ट | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | जुडिबेला / नुनथर | पौराइ (बाग्मती) | पुर्व: बाग्मती नदी र सर्लाही सिमाना<br>पश्चिम : हर्दिया खोला<br>उत्तर : चुरे पानी ढलो मकवानपुरको सिमाना<br>दक्षिण : महेन्द्र राजमार्ग हुदै पौराई खोला बाग्मती दोभान | चन्द्रपुर न.पा. को वडा नं. १ र २ को हर्दिया खोला देखि पुर्वको भाग | चन्द्रपुर १ बाग्मती, साविक नुनथर ई.व.का. को काठेघर , | जुडिबेला चन्द्रपुर-२, साविक जुडिबेला ई.व.का. को काठेघर | |
| २ | गैढाटार/हिलेखोला | गैढाटार | पुर्व : हर्दिया खोला<br>पश्चिम : लमाहा र अल्लाजोर खोला<br>उत्तर : मकवानपुर सिमाना ( चुरे पानी ढलो)<br>दक्षिण : महेन्द्र राजमार्ग | चन्द्रपुर वडा नं. २ हर्दिया खोलादेखी पश्चिमको भाग, वडा नं. ३ र ४ को महेन्द्र राजमार्ग उत्तरको पुरै भाग | चन्द्रपुर न.पा. ४ टेकानटोल, साविक गैढाटार ई.व.का. को भवन | हिलेखोला चन्द्रपुर-५, | |
| ३ | धनसर | | पुर्व : लमाहा र अल्लाजोर खोला<br>पश्चिम : धनसर नदी र बाराको सिमाना<br>उत्तर : चुरे पानी ढलो मकवानपुरको सिमाना<br>दक्षिण : महेन्द्र राजमार्ग | गुजरा २ र ३ को महेन्द्र राजमार्ग उत्तरको भाग | गुजरा न.पा. ३ धनसर , साविक धनसर ई.व.का.को भवन | - | |
| ४ | लौकाहा/जंगलसहिया | जंगलसहिया | पुर्व : जमुनीया शाखा नहर, निजगढ लिक हुदै राजमार्गसम्म ।<br>पश्चिम : अरुवा नदी बारा जिल्लाको सिमाना<br>उत्तर : महेन्द्र राजमार्ग<br>दक्षिण : बौधिमाई न.पा. को उत्तरी सिमाना | गुजरा न.पा. ३ र ४ फतुवा बिजयपुर र मौलापुर न.पा. | गुजरा न.पा. ३ जंगलसहिया, साविक जंगलसहिया ई.व.का. को काठेघर | लौकाहा, बिजयपुर न.पा. हिमालीबास | |
| ५ | सिम्री | चोचा | पुर्व : लमाहा नदी<br>पश्चिम : जमुनीया शाखा नहर, निजगढ लिक हुदै राजमार्गसम्म ।<br>उत्तर : महेन्द्र राजमार्ग<br>दक्षिण : देवाही गोनाही न.पा. को दक्षिण सिमाना सम्म | गुजरा न.पा. १, २,५,६,७,८ र ९ कटहरिया न.पा. र देवाही गोनाही न.पा. | गुजरा २, साविक चोचा ई.व.का. को भवन | मैढा गुजरा न.पा. २, साविक सिम्री ई.व.का. बाग्मती सिंचाईको घर, | |

सहायक वन अधिकृत (आठौं)

अमरदेव प्रसाद यादव
डिभिजनल वन अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | रंगपुर/चन्द्रनिगाहपुर | चन्द्रपुर | पूर्व : चाँदी नदी हुँदै चन्द्रपुर ८ को सिमाना पश्चिम : लमाहा नदी हुँदै चन्द्रपुर ७ को सिमाना उत्तर : महेन्द्र राजमार्ग दक्षिण चन्द्रपुर ७ को दक्षिण सिमाना | चन्द्रपुर न.पा. ४ को महेन्द्र राजमार्गको दक्षिणी भाग, ५,६,७ र ८ सम्म, गुजरा न.पा. १ को लमाहा पुर्वको केही भाग । | चन्द्रपुर, ६ साविक चन्द्रनिगाहपुर ई.व.का. को भवन | रंगपुर चन्द्रपुर न.पा. ७, साविक रंगपुर ई.व.का.को काठे घर | |
| ७ | वृन्दावन/चेतनगर | वृन्दावन | पुर्व : पौराई खोला र बाग्मती नदी<br>पश्चिम : चाँदी नदी हुदै चन्द्रपुर ८, गुजरा न.पा., कटहरिया न.पा. को सिमाना<br>उत्तर : महेन्द्र राजमार्ग<br>दक्षिण : माधवनारायण न.पा. को उत्तरी सिमाना | चन्द्रपुर ९ र १० वृन्दावन, गरुडा र गढीमाई न.पा. | वृन्दावन १, बलरी, साविक वृन्दावन ई.व.का. को भवन | चेतनगर, चन्द्रपुर १०, साविक चेतनगर ई.व.का. को काठे घर । | |
| ८ | | गौर | पुर्व : बाग्मती नदी<br>पश्चिम : नेपाल भारत सिमाना हुदै बौढिमाई न.पा.को बारा जिल्लाको सिमाना<br>उत्तर : मौलापुर, देवाही गोनाही, गरुडा र बौधीमाई न.पा. को सिमाना<br>दक्षिण : नेपाल भारत सिमाना । | राजपुर, परोहा, ईशनाथ, गौर, राजदेवी, बौधीमाई, माधवनारायण समेत ७ न.पा. र यमुनामाई, दुर्गा भवगती समेत २ गा.पा. गरी ९ पालिका | गौर न.पा. ५, नर्सरी स्थित भवन | | |

त्रैमासिक प्रगति (२०७८ श्रावण १ देखी २०७८असोज मसान्तसम्म)

१. कर्मचारी प्रशासन शाखा

| सि.नं. | विवरण | जात | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | वन मुद्दा पेश भएको | | ८ वटा | डिभिजन वन कार्यालय रौतहटमा दर्ता भएको |
| २ | चोरी कटानीबाट बरामद काठ दाउरा र बोक्ने वाहक | | | |
| क | चोरी कटानीबाट बरामद काठ दाउरा गोलिया थान २४१ | साल | ४५१.८४ क्यु.फि. | |
| ख | टायर गाडा | | १ थान | |
| ग | साईकल | | २९ थान | |
| घ | बन्चरो | | ३ थान | |
| ङ | आरा | | ५ थान | |
| च | पिन्चा | | १ थान | |
| ३ | नम्बरी आवादीको काठ दाउरा निकासी | | - | |

सहायक वन अधिकृत (आठौं)

अमरदेव प्रसाद यादव
डि.डिभिजनल वन अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गोलिया काठ | | ०.०० क्यु.फि. | | | | |
| | दाउरा | | ०.०० चट्टा | | | | |
| | स्ट्रीप | | ०.०० क्वीन्टल | | | | |
| ४ | उद्योग दर्ता दुरी प्रमाणित | | | | | | |
| क | स-मील तथा फर्निचर | | ५ | | | | |
| ख | काठ फर्निचर | | ७ | | | | |
| ग | इटा उद्योग | | २ | | | | |
| घ | क्रसर उद्योग | | - | | | | |
| ५ | टाँचा नविकरण | | - | | | | |
| ६ | वन पैदावार सदुपयोग सम्बन्धी विवरण | | | | | | |
| सि.न. | फर्मको नाम | | परिमाण | थान | लैजाने स्थान | सामानको विवरण | कैफियत |
| | | | | | | | |
| | | | | | | | |
| ७ | काठ दाउरा संकलन /उत्पादन सरकारद्वारा व्यवस्थित वन | | | | | | |
| क | काठ गोलिया | | | | | | |
| ख. | दाउरा चट्टा | | | | | | |

## २. आर्थिक प्रशासन शाखा तर्फ :

### प्रदेश र संघ तर्फ

खर्च:-

चालुबाट :- रु. १,८५,५३,९८३।३९ (प्रदेश), ४८,६५,८५४।९६ (संघ)

पुजिगत बाट :- रु. ३४,४७५।३०

पेश्की बाँकी :

चालुबाट :- रु. ०.००

पुजिगतबाट :- रु. ०.००

जम्मा :- रु ०.००

राजस्व आम्दानी :- रु १९,०२५।००

धरौटी :- रु ६,१८,८७०।००

मु.अ. कर : रु. रु ०.००

बेरुजु दाखिला :– रु ०.००

## ३. योजना शाखा

- यस कार्यालयको आ.व. २०७८/०७९ को स्वीकृत प्रदेश कार्यक्रम मध्ये विभिन्न वन विकास कार्यक्रम संचालन गर्नको लागी क्षेत्र छनौट एवम् केही कार्य संचालनको लागी कर्मचारीहरुलाई कार्यआदेश भएको ।
- विभिन्न नर्सरीहरुमा १ वर्षे र २ वर्षे बिरुवा उत्पादन कार्यको लागी पूर्व तयारी कार्य प्रारम्भ भएको ।
- सामुदायिक वन कार्ययोजना पुनरावलोकन स्वीकृती - १ (एक) वटा सा.व.को ।

सहायक वन अधिकृत (आठौं)

अमरदेव प्रसाद यादव
डिभिजनल वन अधिकृत

- सामुदायिक वन उ. समूहको विधान संशोधन स्वीकृत - छैन ।
- धार्मिक वन कार्ययोजना नवीकरण स्वीकृती : छैन ।
- निजी वन दर्ता सिफारिस - छैन ।
- बिरुवा वितरण : कार्य जारी रहेको ।

वृक्षारोपण :

- सरकारी : क्षेत्र छनौट कार्य भई रहेको ।
- निजी वृक्षारोपण : जारी रहेको ।

क) काठ दाउरा संकलन

१. सामुदायिक वन : ढलापडा रुखहरुको लगत लिने कार्य भई रहेको ।

गोलिया काठ : छैन ।
दाउरा : छैन ।

२.साझेदारी वन

गोलिया काठ : नभएको ।
दाउरा :

३. चक्ला वन

गोलिया काठ : ०.०० घ.फिट.
दाउरा : ०.०० चट्टा

हेटौंडा-दुहबी ४०० के.भी.प्रसारण लाईनमा कटान मुछान भएको काठ दाउराको विवरण :-

क. वनटोल सा.व.उ.स.चन्द्रपुर २ को १ वटा सामुदायिक वन उपभोक्ता समूहबाट उत्पादन भएको
काठ :-
साल र अन्य गरी : १२,९७०.५५ घ.फि.
जम्मा : १२,९७०.५५ घ.फि.
दाउरा :-
साल र अन्य : ५३.०० चट्टा
जम्मा : ५३.०० चट्टा

मेची महाकाली विधुतिय रेल मार्गको बर्दिवास निजगढ खण्ड सम्बन्धि विवरण :-

- रंगपुर साझेदारी वनमा परेका रुख कटान गर्नको लागी छपान कार्य भई डिभिजन वन कार्यालयबाट चेक जांच गर्ने कार्य सम्पन्न भएको र प्रदेश वन निर्देशनालय जनकपुरबाट चेक जाचको लागी पठाईएको ।
- दोभान सामुदायिक वनमा परेका रुख कटान गर्नको लागी छपान कार्य भई डिभिजन वन कार्यालयबाट चेक जांच गर्ने कार्य सम्पन्न भएको र प्रदेश वन निर्देशनालय जनकपुरबाट चेक जांचको लागी पठाईएको ।
- रामलाल वृन्दावन साझेदारी वनमा परेका रुख कटान गर्नको लागी छपान कार्य भई डिभिजन वन कार्यालयबाट चेक जांच गर्ने कार्य सम्पन्न भएको र प्रदेश वन निर्देशनालय जनकपुरबाट चेक जाचको लागी पठाइएको ।

सहायक वन अधिकृत (आठौं)

अमरदेव प्रसाद यादव
डि.डिभिजनल वन अधिकृत

सामुदायिक वनको वन पैदावार सदुपयोग विवरण

१.आन्तरिक खपतको लागी सहमती दिएको :

| सि.नं. | सा.व.उ.स. नाम ठेगाना | जात | गोलिया थान | आयतन घ.फि. | कैफियत |
|---|---|---|---|---|---|
| १ | सखुवानी सा.व.उ.स. चन्द्रपुर २ | साल समेत | ३१ | ५००.६६ | |
| | | " | | | दाउरा चट्टा |

२.छिमेकी समूहमा खपतको लागी सहमती दिएका :

| सि.नं. | सा.व.उ.स. नाम ठेगाना | जात | गोलिया थान | आयतन घ.फि. | कैफियत |
|---|---|---|---|---|---|
| १ | तिलेश्वरनाथ सा.व.उ.स. चन्द्रपुर ३ | साल समेत | ८७५ | ६९०२।३४ | |
| | | " | | ४.०० चट्टा | दाउरा चट्टा |

३. जिल्ला वन पैदावार आपूर्ति समिति रौतहटलाई हस्तानान्तरण

| सि.नं. | सा.व.उ.स. को नाम | काठ | | | दाउरा | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | जात | गोलिया थान | आयतन घ.फि. | जात | चट्टा संख्या | |
| | | | ० | ० | | ० | |

४. सामुदायिक वनको वन पैदावार लिलाम सहमति दिएको विवरण

| सि.नं. | सा.व.उ.स. को नाम ठेगाना | काठ | | | दाउरा | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | जात | गोलिया थान | आयतन घ.फि. | जात | चट्टा संख्या | |
| १ | भोर्लेनी सा.व.उ.स. चन्द्रपुर ३ | साल र अन्य समेत | ८६६ | ५१३३.४१ | | ० | |

५. लिलाम काठ दाउराबाट प्राप्त राजश्व एवम् मू.अ. कर रकम

| सि.नं. | सा.व.उ.स. को नाम ठेगाना | जात | आयतन घ. फि. | समूहमा जम्मा रकम | १५ % राजश्व | १३ % मू.अ.कर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | ० | ० | ० | |

४. जिल्ला वन पैदावार आपूर्ति समिति

जिल्ला वन पैदावार आपूर्ति समिति रौतहटबाट काठ दाउरा बिक्रि वितरण भएको विवरण :

| सि.नं. | विवरण | काठ | | | दाउरा | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | जात | गोलिया थान | आयतन घ.फि. | जात | चट्टा संख्या | |
| २०७८ श्रावण महिना | | | | | | | |

सहायक वन अधिकृत (आठौं)

२०७८/६/१२

अमरदेव प्रसाद यादव
जिल्ला वन अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | दाउरा | | ० | ० | | ० | |
| २ | काठ | | ० | ० | | ० | |
| २०७८ भदौ महिना | | | | | | | |
| १ | दाउरा | | ० | ० | | ० | |
| २ | काठ गोलिया | | ४१८ | १०६४.२० | | ० | [illegible] |
| २०७८ असोज महिना | | | | | | | |
| १ | दाउरा | | ० | ० | | ० | |
| २ | काठ गोलिया | | ० | ० | | ० | |

## ५. साझेदारी वन व्यवस्थापन सम्बन्धि

यस जिल्लामा रहेको रंगपुर, जंगलसहिया र रामलाल वृन्दावन साझेदारी वनहरुको वैज्ञानिक वन व्यवस्थापन पद्धतिमा आधारित कार्ययोजना तयार भएको तर वैज्ञानिक वन व्यवस्थापन कार्यविधी २०७१ खारेज भई सकेकोले कार्य योजना बमोजिम कार्य संचालन गर्न नसकिएको । तर समूह र वन कार्यालयबाट नियमित गस्ती परिचालन गरी संरक्षण कार्य जारी रहेको ।

## साझेदारी वन बाट संकलन तथा विक्रि वितरण भएको काठ दाउराको विवरण

### १. काठ दाउरा संकलन भएको विवरण (चोरी कटानीबाट बरामद)

| सि.नं. | सा.व.व्य.स. को नाम | काठ | | | दाउरा | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | जात | गोलिया थान | आयतन घ.फि. | जात | चट्टा संख्या | |
| १ | रामलाल वृन्दावन | साल | १४ | ८३.२७ | | | साईकल ५, आरा ३, बन्चरो १ |
| २ | रंगपुर | साल | ५ | १२.५३ | | | साईकल ३ |
| ३ | जगलसैया | साल | ३५ | १७०.०६ | | | साईकल २ |

### २. काठ दाउरा बिक्रि वितरण भएको विवरण

| सि.नं. | सा.व.व्य.स. को नाम | काठ | | | दाउरा | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | जात | गोलिया थान | आयतन घ.फि. | जात | चट्टा संख्या | |
| १ | रामलाल वृन्दावन | | | नभएको | | | |
| २ | रंगपुर | | | " | | | |
| ३ | जंगलसैया | | | " | | | |

सहायक वन अधिकृत (आठौं)

अमरदेव प्रसाद यादव
डि.डिभिजनल वन अधिकृत